# जिल्ला सरकारी वकील कार्यालय

## डोटी

प.सं. – २०८१/०८२
च.नं. ६९८

मितिः- २०८२/०२/०९
ने.सं. ११४४ वछलागा ११ शुक्रबार

विषयः उजुरी माग सम्बन्धमा ।

श्री डोटी जिल्ला स्थित स्थानीय तह सबै,
डोटी।

उपरोक्त सम्वन्धमा महान्यायाधिक्ताको कार्यालय रामशाहपथ काठमाडौंको च.नं. ३१५३ मिति २०८२/०२/०८ गतेको पत्रद्वारा निर्देशन प्राप्त भई सत्य निरूपण तता मेलमिलाप आयोग काठमाडौंको "सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी" उजुरी मागको सूचना प्रकाशित भएको हुँदा ताँहा स्थानीय तहमा सो सम्बन्धी छुट भएका उजुरीहरू भए पीडितको गोपनियता कायम राखि आयोगको ठेगाना काठमाडौं महानगरपालिका वडा नं.५ हाँडीगाउँमा वा आयोगको ईमेल ठेगाना **trcbabarmahal@gmail.com** मा वा यस कार्यालय मार्फत पठाई दिनहुन सम्बन्धित आयोगको सूचना तथा उजुरीको ढाँचा यसै पत्रसाथ पठाईएको व्यहोरा अनुरोध गरिन्छ।

२०८२।२।८

.........................
ईश्वर दत्त जोशी
जिल्ला न्यायाधिवक्ता
जिल्ला न्यायाधिवक्ता

बोधार्थः
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं।

☎ ०९४-४२००७०, ९८५८४४२२२० Email: dotiattorney@gmail.com, dotiattorney@outlook.com
https://www.facebook.com/dotiattorney WhatsApp No.: 9858442220

सूचना नं. १

## सत्य निरूपण तथा मेलमिलाप आयोग
## हाँडीगाउँ, काठमाण्डौं
# उजुरी माग सम्बन्धी सूचना

*वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६क) मा "अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ" भन्ने व्यवस्था रहेको। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भए यो सूचना प्रकाशित भएको मितिले तीन महिना अर्थात् मिति २०८२।०५।०५ भित्र काठमाण्डौं महानगरपालिका वडा नं. ५, हाँडीगाउँमा रहेको आयोगको कार्यालयमा वा आयोगको इमेल ठेगाना trcbabarmahal@gmail.com मा वा सम्वन्धित जिल्लाको जिल्ला सरकारी वकिल कार्यालय मार्फत देहायको ढाँचामा उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा

**१. उजुरीकर्ताको:-**

(क) नाम, थर :- ..........................................................................................

(ख) ठेगाना:- ...............................................................................................

(अ) स्थायी:- प्रदेश:- ........................................ जिल्ला:- ........................................

न.पा/गा.पा:- ............................................................ वडा नं.:- ..................

(आ) अस्थायी प्रदेश:- ........................................ जिल्ला:- ........................................

न.पा/गा.पा:- ............................................................ वडा नं.:- ..................

(इ) टेलिफोन, मोवाइल नं. ................................... इमेल:- ........................................

**२. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेको व्यक्तिको:-**

(क) नाम, थर :- ........................................................

(ख) ठेगाना :-

(अ) स्थायी:- ..........................................................................................

(आ) अस्थायी:- .......................................................................................

(इ) टेलिफोन, मोबाइल नं./ इमेल:- ................................................................

(ग) पारिवारिक विवरण :- ..............................................................................

(घ) पेशा:- .................................................................................................

(ङ) हालको अवस्था :- .................................................................................

(च) जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा भएको

स्थान, मिति र समय :-.....................................................................................

(छ) उमेर :- ........................

**३. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको:-**

(क) नाम, थर, ठेगाना र हुलिया:- .....................................................................

.............................................................................................................

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको

नाम र ठेगाना:- ...........................................................................................

.....................................................................................................

४. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी उजुरीको व्यहोरा :-

........................................................................................................

........................................................................................................

५. घटनासँग सम्बन्धित सबुद प्रमाण :-

(क) देख्ने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्विर :-

(ङ) अन्य :-

६. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

........................................................................................................

........................................................................................................

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारबाहीको विवरण र पुनः उजुरी दिनुको कारण :- ..............................................................

........................................................................................................

........................................................................................................

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

<u>उजुरीकर्ताको:-</u>

दस्तखत :-

मिति :-

<u>द्रष्टव्यः</u> (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आह्वान सम्बन्धी थप जानकारीका लागि आयोगको इमेल <u>trcbabarmahal@gmail.com</u> तथा टेलिफोन नम्बर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।